# "सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६" को सुझावका लागि आव्हान

वजेट व्यवस्थापन र खर्च प्रणालीमा देखिएका विसंगतिहरुलाई सुक्ष्म रुपमा अध्ययन गरी सार्वजनिक खर्चमा उत्पादनशीलता र प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यको बुंदा नं २७४ मा प्रस्ताव गरिए अनुसार नेपाल सरकारको २०६६ फागुन १९ गतेको निर्णय वमोजिम "सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६" गठन भै कार्य प्रारम्भ गरी सकेको व्यहोरा जानकारी गराउन चाहन्छौं । यस आयोगको प्रतिवेदनलाई सारभूत रुपमा उपयोगी एवं सान्दर्भिक वनाई वजेट व्यवस्थापन र खर्च प्रणालीको समसमयिक सुधारको माध्ययमबाट देशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन देहायका वुंदाहरुमा आफ्ना अमूल्य सुझाव आगामी २०६७ बैशाख १९ गते भित्र पठाई सहयोग गरि दिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

<u>सुझाबका लागि अपेक्षा गरिएका वुंदाहरुः</u>

- हाल कायम रहेका केन्द्रियस्तरका आयोजना/कार्यक्रमहरुमध्ये स्थगन गर्नुपर्ने, समायोजन गर्नुपर्ने र निरन्तरता दिनु पर्ने आयोजनाहरु कुन कुन हुन सक्लान् ?
- वार्षिक बजेटमा नयाँ कार्यक्रम तथा आयोजना प्रवेश गराउने आधार र प्रकृयाहरु कस्तो हुनुपर्ला ?
- आगामी १० वर्षसम्म कस्तो र कसरी संरचनागत ढाँचा तथा क्षेत्रगत विनियोजन गर्नुपर्ला ?
- साधारण प्रशासनतर्फको खर्च कम गर्ने उपायहरु के के हुन सक्लान् ?
- सार्वजनिक खर्च व्यवस्थापनको लागि गरिनुपर्ने कानुनी सुधारहरु के के हुन सक्लान् ?
- आर्थिक सहायता तथा अनुदान सम्बन्धी मापदण्ड, प्रक्रिया र संरचना कस्तो हुनुपर्ला ?
- वित्तीय अनुशासनलाई प्रभावकारी बनाउन र प्रवर्द्धन गर्न बजेट फ्रिज हुने वर्तमा व्यवस्थामा के के सुधार गर्नुपर्ला ?
- सरकारले सार्वजनिक संस्थानमा गर्ने गरेको लगानीको औचित्य र त्यसबाट प्राप्त हुने प्रतिफललाई दृष्टिगत गरी त्यस्ता संस्थानहरुको व्यवस्थापन कसरी गर्नुपर्ला ?

उक्त विषयहरु बाहेक सरकारी बजेट व्यवस्था तथा खर्च प्रणालीको सुधारका सम्बन्धमा आवश्यक देख्नुभएका अन्य विषयहरुमा पनि सुझाव दिन सकिनेछ ।

सुझाव पठाउंदा बुँदागतरुपमा पठाइ दिनुहुन अनुरोध छ ।

अन्य सान्दर्भिक विषयहरु अर्थ मन्त्रालयको वेवसाईट www.mof.gov.np मा Division अन्तर्गत Budget & Programme Division मा हेर्न सकिनेछ ।


सुझाव पठाउने ठेगाना

सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६

अर्थ भवन, सिंहदरवार, काठमाडौ ।

Email: bmperc@mof.gov.np

Fax: No.  4211348